# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, १ नं प्रदेश, नेपाल, भाद्र ९ गते २०७९ साल ( संख्या १६

## भाग २

**हल्दीबारी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

झापा, १ नं प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाको मिति २०७९/०५/०९ गतेको बैठक द्वारा स्वीकृत कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं १६

## हल्दीबारी गाउँपालिका विपन्न नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावनाः**

नेपालको संविधानले नागरिकको स्वास्थ्य, रोजगारी तथा आवासलाई मौलिक हकको रुपमा स्वीकार गरिएको परिप्रेक्षमा यस हल्दीबारी गाउँपालिका क्षेत्र भित्र तोकिएका मापदण्ड भित्र परेका अतिविपन्न, दलित, अल्पसंख्यक, लोपोन्मुख घरवार विहिन समूदायलाई सुरक्षित आवासको व्यवस्था गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिइएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

### परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "हल्दीबारी गाउँपालिका विपन्न नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पछि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क)गाउँपालिका भन्नाले हल्दीबारी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ख) गाउँसभा भन्नाले हल्दीबारी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ।

(ग) अध्यक्ष भन्नाले हल्दीबारी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(घ) उपाध्यक्ष भन्नाले हल्दीबारी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(ङ) गाउँकार्यपालिका भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २ (ङ) मा भएको व्यवस्थालाई सम्झनु पर्दछ।

(च) कार्यालय भन्नाले हल्दीबारी गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(छ) निर्देशन, समन्वय तथा अनुगमन समिति भन्नाले बुँदा नं. ११ बमोजिमको समितिलाई सम्झनु पर्दछ।

(ज) कोष भन्नाले बुँदा नं. १३ बमोजिमको कोषलाई सम्झनु पर्दछ।

### परिच्छेद २
### लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

३. **लक्षित वर्गको पहिचान**

(क)आर्थिक रुपले अति विपन्न, अपाङ्ग, दलित, अल्पसंख्यक, लोपउन्मुख समुदाय

(ख) २०७० साल चैत्र भन्दा अगावै देखि हल्दीबारी गाउँपालिका क्षेत्र भित्र लगातार बसोबास गरिरहेको

(ग) नेपाल राज्य भित्र एकाघरको कुनैपनि सदस्यको नाममा घर जग्गा हक भोग नभएको,

एकाघर भन्नाले बाबु, आमा, छोरा, नाती, श्रीमान, श्रीमती, धर्मपुत्र, धर्मपुत्री, महिलाको हकमा निजको ससुरा समेतलाई बुझाउने छ।

**४. कार्यक्रम कार्यान्वयन स्थल**

(क) तत्काल कम्तिमा १३ परिवार र समय सापेक्ष अन्य विपन्न परिवारलाई सामुहिक आवास निर्माण गरी बसोबासको वातावरण सिर्जना गरिने

(ख) यस्तो वस्ती निर्माण गर्न प्राकृतिक प्रकोपको जोखिममा नरहेको सार्वजनिक जग्गाको पहिचान गरिने छ।

(ग) हाल निर्माण गरिएको आवास वा कार्यपालिकाले तोकेको स्थानमा सवै वडा भित्र रहेका अति विपन्न परिवारलाई बसोबास गर्ने व्यवस्था मिलाइनेछ।

## परिच्छेद ३

## लाभग्राहीहरुको छनौट तथा प्राथमिकीकरण

**५. लाभग्राहीहरुको छनौट**

(क) लाभग्राहीको छनौटको मापदण्ड बमोजिमका लाभग्राहीहरुबाट निवेदन आव्हान गरिने

(ख) प्राप्त भएका निवेदनहरुलाई अनुगमन समितिले प्रत्येक लाभग्राहीहरुको स्थलगत अनुगमन गरी मापदण्ड बमोजिम भएकोहरुको सूचि निर्माण गर्ने

(ग) निर्माण गरिएको सूचि भित्र रहेका लाभग्राहीहरुको उल्लेखित मापदण्डको आधारमा प्राथमिकिकरण गर्ने

**६. लाभग्राहीहरुको प्राथमिकिकरणका आधार**

(क) यस गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने लाभग्राहीहरुलाई एकै पटक आवास सेवा उपलब्ध गराउन नसकिने भएकाले उनीहरुलाई प्राथमिकिकरण गरी क्रमिकरुपमा परिवारको संख्याको आधारमा आवास सेवा उपलब्ध गराइनेछ।

(ख) प्राथमिकिकरणको आधार देहाय बमोजिम हुने छनः

| सि.न. | सूचक/ आधार | अङ्क भार |
|---|---|---|
| १ | आर्थिकरुपमा अति विपन्न (विहान बेलुकाको छाक टार्न नसक्ने) | ४० |
| २ | दलित, अल्पसंख्यक, लोपउन्मुख, सन्थाल | १० |
| ३ | अपाङ्ग तथा असक्त परिवार | ५ |
| ४ | जेष्ठ नागरिक मात्र भएको परिवार | ५ |
| ५ | एकल महिला घरमूली भएको परिवार | ५ |
| ६ | नेपाल राज्य भित्र एकाघर भित्रको सदस्यको घर जग्गा नभएको | २५ |
| ७ | प्रकोप पिडित भै घरवार विहिन भएका | १० |
| जम्मा | | १०० |

७. प्राप्ताङ्कको आधारमा देहाय बमोजिम लाभग्राहीहरुलाई प्राथमिकिकरण गरिनेछ । यो प्राथमिकिकरण तत्कालिन परिस्थितिको विश्लेषण गरी निर्देशन तथा समन्वय समितिले संसोधन गर्न सक्ने छ ।

(क) ९० वा सो भन्दा माथी अंक प्राप्त गर्ने लाभग्राहीलाई क वर्गमा वर्गिकरण गरिने र पहिलो प्राथमिकतामा राखि आवास उपलब्ध गराइनेछ ।

(ख) ८० वा सो भन्दा माथी अंक प्राप्त गर्ने लाभग्राहीलाई ख वर्गमा वर्गिकरण गरिने र दोस्रो प्राथमिकतामा राखि आवास उपलब्ध गराइने छ ।

(ग) ७० वा सो भन्दा माथी अंक प्राप्त गर्ने लाभग्राहीलाई ग वर्गमा वर्गिकरण गरिने र तेस्रो प्राथमिकतामा राखि आवास उपलब्ध गराइने छ ।

## परिच्छेद ४
## घर तथा जग्गाको मापदण्ड तथा लागत

**८. निर्माण गरिने घरहरुको मापदण्ड तथा लागत देहाय बमोजिम रहने छ ।**

(क) घर डिजाइन रङ तथा बनौट अनुसूचिमा तोकिए बमोजिम एकै प्रकारको हुने छ ।

(ख) एक परिवारको लागि जग्गा न्यूनतम ११०० वर्ग फिट रहने छ ।

(ग) एक परिवारको लागि न्युनतम एक किचन, दुई बेडरुम रहनेछ ।

(घ) आवश्यकता अनुसार वायो गेयास सहितको सामुहिक शौचालय र धारा रहनेछ ।

(ङ) आवश्यकता अनुसार विद्युत तथा सोलार सुविधा रहनेछ ।

(च) यो मापदण्ड बमोजिम निर्माण हुने घरको लागत प्राविधिक लागत अनुमान बमोजिम हुनेछ ।

## परिच्छेद ५
## कार्यक्रम कार्यान्वयन तथा लागत सहभागिता

**९. कार्यक्रम कार्यान्वयन तरिका**

(क) आवास निर्माण कार्य गाउँपालिकाले निर्णय गरे बमोजिम विद्युतिय ठेक्का मार्फत सञ्चालन गरिनेछ ।

(ख) गाउँपालिकाले उपलब्ध गराए बमोजिमको डिजाईन, मापदण्ड बजेटको परिधिभित्र रहेर निर्माण व्यवसायीले निर्माण कार्य गर्नु पर्नेछ ।

**१०. लागत सहभागिताः**

(क) गाउँपालिकाबाट आवास निर्माण कार्य विद्युतिय ठेक्का मार्फत गरिने हुँदा लागत सहभागिता समावेश गरिने छैन ।

## परिच्छेद ६
## समिति गठन

११. कार्यक्रम कार्यान्वयन सम्बन्धि निर्देशन, समन्वय तथा व्यवस्थापन गर्न एक गाउँपालिका स्तरीय निर्देशन, समन्वय तथा व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सबै वडा अध्यक्ष | सदस्य |
| भौतिक पुर्वाधार समिति संयोजक | सदस्य |
| कार्यपालिकाका सदस्यहरु मध्येबाट संयोजकले तोकेको एक महिला सहित ३ सदस्य | सदस्य |
| भौतिक पुर्वाधार शाखा प्रमुख | सदस्य सचिव |

**१२. निर्देशन तथा समन्वय समितिको काम कर्तव्य र अधिकार**

क. कार्यक्रम कार्यान्वयनका लागि नीति तर्जुमा गर्ने,

ख. कार्यक्रम कार्यान्वयनका लागि जग्गा पहिचान, लागत अनुमान स्वीकृत, घर डिजाइनको नमुना स्वीकृत गर्ने,

ग. लाभग्राहीहरुको छनौट तथा प्राथमिकिकरण,

घ. कार्यक्रमको प्रगति समिक्षा गर्ने

ङ. अन्य संघ तथा संस्थाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

## परिच्छेद ७
## कोष सम्बन्धि व्यवस्था

**१३. आवास कोष**

(क) हाल स्थानीय निकायहरुले छुट्टै कोष स्थापना गर्न नसक्ने व्यवस्था भएकोले यो कार्यको लागि हाल सञ्चालनमा रहेका कोषहरुमध्ये कार्य प्रकृति मिल्ने प्रकोप व्यवस्थापन कोषमा रकम जम्मा गरिने छ र यसको लेखा श्रेष्ता तथा हिसाब छुट्टै राखिने छ ।

- ✓ संघीय र प्रदेश सरकारबाट प्राप्त हुने रकम
- ✓ गाउँपालिकाबाट विनियोजन भएको रकम
- ✓ गैर सरकारी निकायहरुबाट प्राप्त हुने रकम
- ✓ इच्छुक व्यक्ति तथा संघ संस्थाहरुबाट प्राप्त हुने रकम

१४. कोषमा रकम जम्मा गर्ने व्यक्ति, फर्म, संघ संस्थाहरुको नामावली सार्वजनिक सञ्चार माध्यमबाट प्रकाशित तथा प्रसारित गरिनेछ ।

१५. कोषमा जम्मा भएको तथा खर्च भएको रकम बारेमा आवश्यकताका आधारमा कार्यपालिकामा जानकारी गराइनेछ ।

१६. कोषमा रकम जम्मा गर्ने सवै दाताहरुको व्यक्तिगत विवरण खुलाई कसैले चाहेमा सहजरुपमा हेर्न सकिने गरिने अभिलेख कार्यालयमा सुरक्षित राखिने छ ।

१७. इच्छुक दाताले आफ्नो नाममा वा कसैको सम्झनामा कम्तिमा एक घर निर्माणको लागि आवश्यक रकम उपलब्ध गराएमा सो व्यहोरा उल्लेख गरी उक्त घर अगाडी शिलालेख राखी दाताबाटै उक्त घर हस्तान्तरणको व्यवस्था मिलाइने छ ।

१८. आवास कोषमा विभिन्न व्यक्ति तथा संघ संस्थाहरुबाट रकम उपलब्ध गराउने दाताहरुलाई गाउँ कार्यपालिकाको कार्यालयबाट सम्मान गरिनेछ ।

## परिच्छेद ८
## विविध

१९. लाभग्राहीले आवास हस्तान्तरण भए पश्चात विक्री वितरण गर्न पाउने छैन तर स्वइच्छाले घर छोड्न चाहेमा गाउँपालिकालाई हस्तान्तरण गर्नु पर्ने छ ।

२०. यस कार्यक्रमबाट लाभ लिनको लागि झुटा विवरण पेश गरेको पुष्टी भएमा निजलाई उपलब्ध गराइएको घर गाउँपालिकाले फिर्ता लिनेछ ।

२१. यो कार्यक्रमबाट सुविधा प्राप्त गरेको परिवारले अन्य कुनै आवास कार्यक्रमबाट कुनै सुविधा पाउने छैन ।

२२. निर्माण भएका आवास तथा अन्य संरचनाहरुको सम्भार लाभग्राहीहरुको वार्षिकरुपमा लागत सहभागितामा यो कोषको सञ्चालन लाभग्राहीहरु मध्येबाट निर्माण गरिने मर्मत संभार सम्बन्धित व्यक्ति स्वयमले गर्नुपर्नेछ ।

**अनुसूची १**

**आवेदन फारममा खुलाउनु पर्ने विवरणहरु**

१. आवेदन फारममा उल्लेख हुनुपर्ने विषयहरु

- ✓ घरमूलीको नाम थर ठेगाना, उमेर, परिवार संख्या, अन्य सदस्यको नाम थर उमेर
- ✓ बसोबास गर्न थालेको मिति, हाल बसोबास गरी रहेको घर तथा जग्गाको विवरण
- ✓ यहाँ बसोबास गर्नु पुर्वको अवस्था
- ✓ अशक्त, अपाङ्ग, एकल महिला, दीर्घ रोगी, अभिभावक विहिन नावालिक भए सोको विवरण
- ✓ प्रकोपबाट घरवार विहिन भएको भए सोको विवरण

२. पेश गर्नुपर्ने कागजात

- ✓ नेपाली नागरिकताको प्रतिलिपी
- ✓ बसोबास गर्न थालेको मिति पुष्ठी हुने कागजातहरु- भोटलिष्टको नामावली वा खानेपानी वा विजुलीको रकम तिरेको प्रमाण वा विद्यालयमा पठन पाठन गरेको प्रमाणपत्र वा साविकका गा वि सहरु वा अन्य निकायबाट गरिएको सिफारिस वा अन्य कागजातहरु

आज्ञाले,
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी राजपत्र